5

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: ७४/०८०/०८१

मितिः २०८०/०३/२९

श्री केन्द्रीय पुस्तकालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।

श्री पाठ्यक्रम विकास केन्द्र,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर ।

विषय : निर्णय पठाइएको बारे।

त्रि.वि. कार्यकारी परिषद्को मिति २०८०/०३/२६ को बैठकको निर्णय नं. २१७३ त्यस पुस्तकालय/केन्द्रसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु। निर्णयसँग सम्बन्धित फाइल संलग्न छ/छैन।

विष्णुप्रसाद अर्याल
प्रमुख

निर्णय नं. २१७३
देहायबमोजिमको त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० पारित गर्ने निर्णय भयो।

## त्रिभुवन विश्वविद्यालय

## एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०

प्राज्ञिक लेखनमा देखापरेका साहित्यिक चोरीको समस्या समाधान गरी अध्ययन अनुसन्धान कार्यलाई थप व्यवस्थित, मर्यादित र नियमित गरी विश्वविद्यालयको बौद्धिक उन्नयन कार्यमा सहयोग गर्नका लागि त्रि.वि. सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को विनियम ३९७ ले दिएको अधिकार प्रयोग गरी त्रि.वि. कार्यकारी परिषद्ले यी विनियमहरू बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो विनियमको नाम "त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८०" रहेको छ।

(२) यो विनियम तुरुन्त लागु हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियममा,

(क) "अध्ययन संस्थान/सङ्काय" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अध्ययन संस्थान/सङ्काय सम्झनुपर्छ ।

(ख) "अनुसन्धान केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका अनुसन्धान केन्द्रहरू सम्झनुपर्छ ।

(ग) "अन्य निकाय" भन्नाले त्रिभुवन विश्वविद्यालय बाहेकका निकायहरू सम्झनुपर्छ।

(घ) "एक प्रतिशत साधारण स्रोत म्याच" भन्नाले शोधपत्र तथा लेख रचना तयार गर्ने क्रममा विभिन्न अनलाइन स्रोतहरूसँगको एक अनलाइन साइटमा एक प्रतिशतसम्मको म्याच सम्झनुपर्छ।

(ङ) "कार्यकारी परिषद्" भन्नाले त्रिभुवन विश्वविद्यालयको कार्यकारी परिषद् सम्झनुपर्छ।

(च) "केन्द्रीय पुस्तकालय" भन्नाले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय सम्झनुपर्छ

(छ) "क्याम्पस" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका आङ्गिक क्याम्पसहरू सम्झनुपर्छ। यस शब्दले सम्बन्धन प्राप्त क्याम्पसलाई समेत जनाउँछ।

(ज) "डकुमेन्ट" भन्नाले प्लेजारिजम परीक्षणका लागि प्राप्त पुस्तक, शोधपत्र, अनुसन्धानात्मक लेख तथा अन्य लेख रचना साथै प्लेजारिजम परीक्षण पछिको रिपोर्टसमेतलाई सम्झनु पर्दछ।

(झ) "डीन कार्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालयअन्तर्गतका डीन कार्यालयहरू सम्झनुपर्छ।

(ञ) "दश शब्दसम्मको म्याच" भन्नाले शोधपत्र तथा लेख रचना तयार गर्ने क्रममा विभिन्न अनलाइन स्रोतहरूसँग एउटा वाक्यमा आर्टीकल बाहेकको दश शब्दसम्मको म्याचलाई सम्झनुपर्छ।

(ट) "निकाय" त्रिभुवन विश्वविद्यालयअन्तर्गतका क्याम्पस/कार्यालय/निर्देशनालय/स्कुल/विभाग केन्द्रहरू आदि सम्झनुपर्छ।

(ठ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र सम्झनुपर्छ

(ड) "विनियम" भन्नाले त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालनसम्बन्धी विनियम, २०८० सम्झनुपर्छ ।

(ढ) "विभाग" भन्नाले त्रिभुवन विश्वविद्यालयका केन्द्रीय विभागहरू सम्झनुपर्छ। यस शब्दले डीन कार्यालयअन्तर्गत सञ्चालित कीर्तिपुरमा अवस्थित विभाग र कार्यक्रमलाई समेत जनाउँछ।

(ण) "विश्वविद्यालय" भन्नाले त्रिभुवन विश्वविद्यालय सम्झनुपर्छ।

त्रि.वि. सभा तथा कार्यकारी परिषद्‌को सचिवालय

(त) "सफ्टवेयर" भन्नाले एण्टी प्लेजारिजम सफ्टवेयर सम्झनुपर्छ।

## परिच्छेद २
## एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोग सम्बन्धमा

३. **त्रिभुवन विश्वविद्यालयमा एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोग हुनेः** (१) त्रिभुवन विश्वविद्यालयमा अनुसन्धानात्मक बौद्धिक कार्यमा आवश्यकताअनुसार प्लेजारिजम परीक्षण गरिनेछ।

(२)उप विनियम १ बमोजिमको कार्यका लागि विश्वविद्यालयले एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन गर्नेछ।

(३) प्लेजारिजम सफ्टवेयरको दैनिक कार्यसम्पादन तथा व्यवस्थापनको जिम्मेवारी केन्द्रीय पुस्तकालयको हुनेछ।

४. **युजर आइ.डी. (User ID) वितरणः** (१) विश्वविद्यालयका सम्पूर्ण निकायहरूलाई आवश्यकता अनुसार तोकिएको शिक्षक विद्यार्थी अनुपातको आधारमा एण्टी प्लेजारिजम सफ्टवेयरको युजर आइ.डी. **(User ID)** वितरण गरिनेछ ।

(२) उप विनियम १ बमोजिमको युजर आइ.डी. का लागि निकायहरूले केन्द्रीय पुस्तकालयमा प्रयोगकर्ताको अफिसियल इमेल सहित आधिकारिक रूपमा माग गर्नु पर्नेछ ।

(३) विद्यार्थीका हकमा विद्यावारिधि तह, दर्शनाचार्य तह, स्नातकोत्तर तह तथा आवश्यकता अनुसार अन्य अनुसन्धानात्मक कार्यहरूलाई प्राथमिकताका आधारमा युजर आइ.डी. वितरण गरिनेछ ।

## परिच्छेद ३
## व्यवस्थापन समिति

५. **प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समितिः** (१) त्रिभुवन विश्वविद्यालयमा प्लेजारिजम सफ्टवेयर चुस्त, दुरुस्त तथा प्रभावकारी ढङ्गले कार्यान्वयन, व्यवस्थापन, समन्वय, अनुगमन एवम् निरीक्षण र आवश्यकता अनुसार सल्लाह, सुझाव, परामर्श तथा राय दिनका लागि देहायका सदस्यहरू रहेको केन्द्रीय स्तरमा एक प्लेजारिजम सफ्टवेयर व्यवस्थापन समिति रहनेछ ।

(क) केन्द्रीय पुस्तकालय प्रमुख — संयोजक

(ख) सूचना तथा प्रविधि नवप्रवर्धन केन्द्रमा कार्यरत शिक्षक, कर्मचारी वा सूचना तथा सञ्चार प्रविधि विज्ञमध्ये एक जना — सदस्य

(ग) त्रिभुवन विश्वविद्यालय अनुसन्धान केन्द्र वा त्रि.वि. पाठ्यक्रम विकास केन्द्रका शिक्षक, कर्मचारीमध्ये एक जना — सदस्य

त्रि.वि.सभा तथा कार्यकारी परिषद्को सचिवालय